# एकल चुनाव चिन्ह लिई निर्वाचनमा भाग लिने राजनीतिक दलहरुको विवरण

प.सं. च.नं./Ref: ०७३।७४ कार्य ३.१.११७६।७४

मिति : २०७४/०२/३१

**श्री मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको कार्यालय,**
**श्री क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय ।**

**विषय : एकल चुनाव चिन्ह लिई निर्वाचनमा भाग लिने सम्बन्धमा ।**

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (१) मा सोही ऐनको दफा ४८ बमोजिम निर्वाचन प्रयोजनको लागि मान्यता प्राप्त गर्न चाहने दुई वा सोभन्दा बढी दलले कुनै दलले प्राप्त गरेको निर्वाचन चिन्ह वा अन्य कुनै निर्वाचन चिन्ह लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी हुनेगरी निवेदन दिन सक्ने व्यवस्था छ भने उपदफा (२) मा उपदफा (१) बमोजिम संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने दलको तर्फबाट उम्मेदवारी दिँदा त्यस्तो उम्मेदवार कुन दलसँग सम्बन्धित हो त्यो समेत खुलाउनु पर्ने व्यवस्था छ । नेपालको संविधानको धारा २७१ बमोजिम यस आयोगमा निर्वाचन प्रयोजनको लागि दर्ता भएका तपसील बमोजिका राजनीतिक दलहरुले उक्त दलहरु बीच एकल चुनाव चिन्ह लिई निर्वाचनमा भाग लिने बारेको सम्झौता-पत्र समेत संलग्न गरी मिति २०७४।२।२८ मा आयोग समक्ष निवेदन पेश गरेको हुँदा राजनीतिक दल सम्बन्धी ऐनको दफा ४९ को उपदफा (१) बमोजिमको चुनाव चिन्हमा निर्वाचनमा सहभागी भएपनि ऐनको दफा ४९ को उपदफा (२) बमोजिम सो उम्मेदवारको सम्वद्ध दलको पहिचान सुरक्षित हुने गरी तथा **एकल चुनाव चिन्हमा उम्मेदवारी दिँदा चुनाव चिन्ह दर्ता रहेको दल र उम्मेदवार सम्वद्ध दलको तर्फबाट निर्वाचन आयोगमा पठाइएको प्रमाणित हस्ताक्षरकर्ताको हस्ताक्षर प्रयोग गर्ने गरी** २०७४ सालमा सम्पन्न हुने स्थानीय तह निर्वाचनमा तपसीलमा उल्लेखित जिल्लाहरुमा एकल चुनाव चिन्ह लिई निर्वाचनमा भाग लिन पाउने गरी आयोगबाट मिति २०७४।२।३० मा निर्णय भएको हुँदा जानकारीको लागि निर्णयानुसार अनुरोध छ ।

तपसील

| क्र.सं | चिन्ह प्राप्त राजनीतिक दल | चुनाव चिन्ह | एकल चुनाव चिन्ह लिई निर्वाचनमा भाग लिने राजनीतिक दल | जिल्ला |
|---|---|---|---|---|
| १. | नेपाली कांग्रेस | “रुख” | राष्ट्रिय जनमुक्ति पार्टी | रुपन्देही (तिलोत्तमा नगरपालिका मात्र) |
| २. | जनजागरण पार्टी नेपाल | “टर्च लाईट” | राष्ट्रिय मुक्ति आन्दोलन नेपाल | झापा, पर्सा, कपिलवस्तु र डडेलधुरा |
| ३. | समाजवादी जनता पार्टी | “चन्द्रमा” | लोकदल | सप्तरी, सिरहा, सर्लाही र बाँके |
| ४. | राष्ट्रिय जनमुक्ति पार्टी | “घर” | वहुजन समाज पार्टी नेपाल | सिरहा, धनुषा, महोत्तरी, सर्लाही र नवलपरासी |

**बोधार्थ:-**
**श्री नेपाली काँग्रेस, राष्ट्रिय जनमुक्ति पार्टी, जनजागरण पार्टी नेपाल, समाजवादी जनता पार्टी, लोक दल र बहुजन समाज पार्टी नेपाल ।**

२०७४।०२।३१
(धर्मचन्द्र तिम्सिना)
शाखा अधिकृत



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np

४

श्री निर्वाचन आयोग,
कान्पिथ, काठमाडौं ।

मिति २०७४/२/२८

विषय आधिकारिक हस्ताक्षर सम्बन्धमा

संवत २०७४ साल असार १४ गते हुने दोश्रो चरणको स्थानीय तहको निर्वाचनमा विभिन्न पदहरुमा बहुजन समाज पार्टी नेपाल राजनीतिक दलको तर्फबाट खडा गरिने उम्मदेवारहरुको मनोनयनको लागि स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १८ को उपदफा (१) बमोजिम औपचारिक पत्र प्रदान गर्न बहुजन समाज पार्टी नेपाल को तर्फबाट पार्टी अध्यक्ष गंगा प्रसाद महरा र राष्टिय जनमुक्ति पार्टीको तर्फबाट पार्टी सचिव गंगा थापा को आधिकारिक हस्ताक्षर प्रयोग गर्ने व्यवहोरा जानकारीका लागि अनुरोध छ । यसका साथै सुमझौता पत्रमा सुनसरी र मोरङ्ग जिल्ला रहेकोमा सो दुईवटा जिल्ला हटाईएको व्यहोरा अनुरोध छ । उक्त जिल्ला हटाई सिरहा, धनुषा, महोत्तरी, सर्लाही र नवलपरासीमा उमेदवार बहुजन समाज पार्टी उठाउने व्यहोरा अनुरोध छ ।

दस्तखत नमूना
नाम : गंगा थापा
पद : सचिव
हस्ताक्षर :

दस्तखत नमूना
नाम : गंगा प्रसाद महरा
पद : राष्टिय अध्यक्ष
हस्ताक्षर :

२८।२।०७४
.....................
खड्क प्रसाद पालुङ्वा
अध्यक्ष
राष्टिय जनमुक्ति पाटी

.....................
गंगा प्रसाद महरा
राष्टिय अध्यक्ष
बहुजन समाज पार्टी नेपाल

राष्ट्रिय जनमुक्ति पार्टी
Rastriya Janamukti Party
स्था: २०४८
Estd: 2048
National Council
संघीय परिषद

बहुजन समाज पार्टी नेपाल
Bahujan Samaj Party Neoal
स्था:२०७०

समाजवादी जनता पार्टी र लोक दलको तर्फबाट यस अघि निर्वाचन आयोगमा बुझाएको आधिकारिक हस्ताक्षर निम्न बमोजिम रहेको छ ।

१. **समाजवादी जनता पार्टी**
हस्ताक्षर गर्ने पदाधिकारीको नाम, थर : प्रेम बहादुर सिंह
हस्ताक्षर गर्ने पदाधिकारीको पद : अध्यक्ष
दस्तखतको नमुना :

२. **लोक दल**
हस्ताक्षर गर्ने पदाधिकारीको नाम, थर : कौशल कुमार सिंह
हस्ताक्षर गर्ने पदाधिकारीको पद : अध्यक्ष
दस्तखतको नमुना :

*मिति : २०७४ जेठ २८ गते*

जनजागरण पार्टी नेपाल
Janajagaran Party Nepal

केन्द्रीय कार्यालय, ललितपुर
Post Box No. 20881
Kathmandu Nepal.
Tel: 0977-1-5547304
Fax: 0977-1-5547304
Email: janajagaranpartynepal@gmail.com
Webpage: www.jpn.org.np
Facebook: Janajagaran Party Nepal

पत्र संख्याः

मितिः २०७४ । ०२ । ०६

श्री निर्वाचन आयोग
कान्तिपथ, काठमाण्डौ ।

**विषयः साझा चुनाव चिन्ह "टर्च लाइट" तथा नमुना दस्तखतको प्रयोग गर्नेबारे ।**

उक्त विषयमा यस जनजागरण पार्टी नेपाल र राष्ट्रिय मुक्ति आन्दोलन नेपाल दुई राजनीतिक दलहरूले दोस्रो चरणमा यही जेठ ३१ गते हुने भनी तय गरिएको दोस्रो चरणको स्थानीय तह निर्वाचनको प्रयोजनका लागि देहायका जिल्लाहरूमा साझा चुनाव चिन्ह "टर्च लाईट" प्रयोग गर्न भनी गरिएको सहमतिअनुसार निर्वाचनमा भाग लिने दुवै दलका साझा उमेदवारहरूलाई "टर्च लाईट" चिन्ह प्रयोग गर्न र दुवै दलको तर्फबाट खडा गरिइने उमेदवारहरूको मनोनयनका लागि स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १८ को उपदफा १ बमोजिम औपचारिक पत्र प्रदान गर्न अधिकार दिने पदाधिकारीको विवरण र दस्तखत नमूना (दुवै दलहरूमध्ये कुनै एकको) अनुमति दिन-दिलाउनका लागि नियमानुसार निर्देशन गरिदिनु अनुरोध गर्दछौं ।

**दोस्रो चरणमा हुने स्थानीय तह निर्वाचन साझा उमेदवार उठाइने तपसिलका जिल्लाहरू:**

| | | |
|---|---|---|
| १. झापा, | २. मोरङ, | ३. सुनसरी |
| ४. धनकुटा, | ५. सप्तरी | ६. पर्सा |
| ७. कपिलवस्तु, | ८. बाँके, | ९. कैलाली, |
| १०. कञ्चनपुर, | ११. डढेल्धुरा | |

निवेदकद्वय

लोकमणि ढकाल
केन्द्रीय अध्यक्ष
जनजागरण पार्टी नेपाल

श्री जयवन्त विक्रम शाह
अधि-दलपति
राष्ट्रिय मुक्ति आन्दोलन नेपाल

(१)

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

निर्वाचन आयोग
दर्ता नं. 6८28
मिति : २।२८

च. नं. : ६१८

जेष्ठ २८, २०७४

श्री निर्वाचन आयोग
बहादुर भवन, कान्तिपथ,
काठमाण्डौ ।

**विषयः साझा चुनाव चिन्ह "रुख" प्रयोगका लागि अनुमति प्रदान गरिदिनु हुन ।**

राजनीतिक दल सम्वन्धि ऐन २०७३ को दफा ४९ को उपदफा १ र २ बमोजिम आ-आफ्नो दलको पहिचान खुल्नेगरि ताहाँ आयोगमा दर्ता रहेका राजनैतिक दलहरु नेपाली कांग्रेस पार्टी र राष्ट्रिय जनमुक्ती पार्टीले रुपन्देही जिल्लामा दोश्रो चरणको स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेस पार्टीको चुनाव चिन्ह "रुख" लाई दुवै पार्टीको साझा चुनाव चिन्हका रुपमा प्रयोग गर्ने सम्झौता भएको व्यहोरा जानकारीका लागि अनुरोध गरिन्छ । साथै, आ-आफ्नो दलको पहिचान खुल्नेगरि दुवै दलको तर्फवाट उम्मेदवार मनोनयको औपचारिक पत्रमा स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा १८ बमोजिम पार्टी पदाधिकारीको आधिकारीक हस्ताक्षर रहने व्यहोरा जानकारी गराउँदै, नेपाली कांग्रेस पार्टी र राष्ट्रिय जनमुक्ती पार्टीले रुपन्देही जिल्लामा साझा चुनाव चिन्हका रुपमा नेपाली कांग्रेस पार्टीको चुनाव चिन्ह "रुख" प्रयोग गर्नका लागि अनुमति सहित आवश्यक व्यवस्था गरिदिनु हुन आवश्यक कागजात यसै साथ संलग्न राखि अनुरोध गरिन्छ ।

सहयोगको लागि धन्यवाद !

शेरबहादुर देउवा
**सभापति**

# नेपाली काँग्रेस पार्टी र राष्ट्रिय जनमुक्ति पार्टी विचमा साझा चुनाव चिन्ह प्रयोग गर्ने बारे सम्झौता पत्र

मिति २०७४ ०२ २६

निर्वाचन आयोगमा दर्ता भएको पार्टीहरु नेपाली कांग्रेस पार्टी र राष्ट्रिय जनमुक्ति पार्टी विचमा साझा चुनाव चिन्ह प्रयोग गर्नका लागि निम्न बुदाहरुमा सम्झौता भएको छ।

१ राजनैतिक दल सम्वन्धि ऐन २०७३ को दफा ८९ उपदफा १ र २ अनुसार नेपाली कांग्रेस पार्टी र राष्ट्रिय जनमुक्ति पार्टी वीच दुवै पार्टीहरुको पहिचान सुरक्षित रहने गरि वा पहिचान खुल्ने गरि साझा चुनाव चिन्ह लिएर यहि असार १४ गते हुने स्थानिय तह निर्वाचनमा सहभागी हुनेछ।

२. नेपाली काँग्रेस पार्टीको चुनाव चिन्ह "रुख"लाई नेपाली कांग्रेस पार्टी र राष्ट्रिय जनमुक्ति पार्टी दुवै पार्टीले आ आफना पार्टीको पहिचान खुल्ने गरि. साझा चुनाव चिन्हको रुपमा प्रयोग गरिने छ।

३. स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा १८ को उपदफा १ वमोजिम नेपाली कांग्रेस पार्टी र राष्ट्रिय जनमुक्ति पार्टी दुवैको निर्वाचन आयोगमा स्थानिय तहको चुनावमा पार्टीको तर्फवाट हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिहरुका हस्ताक्षर पेश गरिसकेको हुदा सोही हस्ताक्षरहरुनै आधिकारिक हुनेछ।

४ रुख चिन्हको तर्फवाट कुनै पनि ठाउंमा उम्मेदवारी दिदा आपसी तालमेल गरि कुनै पनि पदमा नदोहरिने गरि र कानुनले मागे अनुसार महिला पुरुष मिलाएर उम्मेदवार दिइने छ।

५. प्रचार प्रसार सामाग्री निर्माण गर्दा वा प्रचार प्रसार गर्दा दुवै पार्टीको पहिचान खुल्ने हुनु पर्नेछ।

६. स्थानिय तहको निर्वाचनका क्रममा कुनै किसिमको कमि कमजोरीहरु भए वा समस्याहरु उत्पन्न भए एक आपसमा आंच नआउने गरि एक आपसमा दुवै दलको संयुक्त समन्वय समिति गठन गरि सहमत गराउनु पर्ने छ।

६. प्रचार प्रसारको कार्यक्रमहरुलाई साझा कार्यक्रम वनाई यो निर्वाचनलाई परिणाममुखी वनाउनु पर्नेछ।

७. अन्य राजनैतिक दलहरुसंग चुनावी तालमेल गर्नु परेमा पार्टीका आपसी सहमतिमा गरिने छ।

माथी उल्लेखित वुंदाहरुमा हामी प्रतिवद्ध छौं भनि यो सम्झौता पत्रमा सही छाप गरेका छौं।

शेर बहादुर देउवा
सभापति
नेपाली कांग्रेस
केन्द्रीय कार्यालय बल्खु, काठमाडौं

खडग प्रसाद पालुङ्वा
अध्यक्ष
राष्ट्रिय जनमुक्ति पार्टी
केन्द्रीय कार्यालय धोवीघाट, ललितपुर

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: ०६३/६४ ३१८१ ३.१.२३१८

मिति : २०७४/०२/३१

श्री मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको कार्यालय,
श्री क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय ।

**विषय : संसोधित दस्तखत नमूना र छुट दस्तखत पठाइएको सम्बन्धमा ।**

सम्वत् २०७४ साल असार १४ गते सम्पन्न हुने स्थानीय तह निर्वाचनको प्रयोजनका लागि यस आयोगमा दर्ता भएका तपसीलमा उल्लेखित राजनीतिक दलहरुको तर्फबाट विभिन्न पदका लागि खडा गर्ने उम्मेदवारहरुको मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको सम्बन्धित दलको पदाधिकारीको नाम, थर, पद र निजको दस्तखतको नमूना संशोधित गरेको र आयोगको मिति २०७४।२।२७ को गोरखापत्रमा प्रकाशित सूचना अनुसार दस्तखत नमूना बुझाउन छुट भएका दलले पेश गरेको दस्तखत नमूनाको विवरण यस आयोग समक्ष पेश गरेकोले आयोगको मिति २०७४।२।३० को निर्णयानुसार संशोधित दस्तखत नमूना र उम्मेदवारको मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको सम्बन्धित दलको पदाधिकारीको नाम, थर, पद र निजको दस्तखत नमूना यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

**तपसील**

| क्र.सं. | राजनीतिक दलको नाम | साविकको दस्तखत पेश गर्नेको नाम र जिल्ला | संशोधित भै कायम हुने पदाधिकारीको नाम, दस्तखत र जिल्ला |
|---|---|---|---|
| १. | नेपाली काँग्रेस | डा.शेखर कोईराला,<br>सप्तरी | धनराज गुरुङ,<br>सप्तरी |

| क्र.सं. | राजनीतिक दलको नाम | आधिकारिक पदाधिकारीको नाम र दस्तखत | जिल्ला |
|---|---|---|---|
| १. | लोक दल | कौशल कुमार सिंह,<br>अध्यक्ष | सुनसरी, सप्तरी, सिरहा, सर्लाही, बारा, पर्सा, कपिलवस्तु र बाँके |
| २. | तराई मधेश फोरम | अमर प्रसाद यादव,<br>अध्यक्ष | रौतहट र नवलपरासी |

२०७४/०२/३१

(घमचन्द्र तिमिल्सिना)
शाखा अधिकृत



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं (९७७-१) ४२२८६६३। फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np

# मधेश तराई फोरम
## (Madhesh Terai Forum)
### केन्द्रिय समिति, काठमाडौं

चुनाव चिन्ह बाल्टिन

पत्र संख्या :

श्री सचिवज्यू,
निर्वाचन आयोग,
कान्तिपथ,काठमाण्डौं ।

महोदय,

स्थानीय तह निर्वाचन ऐन,२०७३ को दफा १८ को उपदफा (१) को प्रयोजनका लागि संवत् २०७४ [illegible] स्थानीय तहको निर्वाचनमा विभिन्न पदका लागि मधेश तराई फोरम रा[illegible] ३१/आषाढ १४ गते हुने तर्फबाट खडा गरिने उम्मेदवारको मनोनयनको निमित्त विभिन्न प्रदेश अन्तर्गत औपचारिक पत्र प्रदान [illegible] दिइएको पदाधिकारीको विवरण एवं निजको दस्तखत नमुना देहाय बमोजिम छ ।

पदाधिकारीको पूरा नाम,थर :- अमर प्रसाद यादव
पद :- केन्द्रीय अध्यक्ष
राजनीतिक दलको पूरा नाम :- मधेश तराई फोरम
फोन नं. :- ९८४५०३६३७६
फ्याक्स :- ०५५५२१०८८
इमेल-ठेगाना :- forummt42@gmail.com

पदाधिकारीको दस्तखत नमुना

१. अमर प्रसाद यादव

२.

दस्तखत :-
नाम,थर :- अमर प्रसाद यादव
केन्द्रीय समिति वा सो सरहका केन्द्रीय स्तरको कार्यकारिणी स[illegible]
सभापति,अध्यक्ष,महासचिव,मुख्य पदाधिकारी

मिति :- २०७४।०२।२९
राजनीतिक दलको छाप

मधेश तराई फोरम स्था: २०६४ केन्द्रिय समिति, काठमाडौं

श्री निर्वाचन आयोग,
कान्तिपथ, काठमाडौं ।

संवत् २०७४ साल असार १४ गते हुने स्थानीय तहको दोस्रो चरणको निर्वाचनमा विभिन्न पदमा **लोक दल** राजनीतिक दलको तर्फबाट खडा गरिने उम्मेदवारको मनोनयनको लागि स्थानीय तहको दफा १८ बमोजिम औपचारिक पत्र प्रदान गर्न अधिकार दिएको पदाधिकारीको विवरण एवं निजको दस्तखत नमूना देहाय बमोजिम छ ।

राजनीतिक दलको पूरा नाम र ठेगाना : **लोक दल**
थापागाउँ, बिजुलीबजार, नयाँ बानेश्वर, काठमाडौं ।

**औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको पदाधिकारीको :**

पूरा नाम, थर : कौशल कुमार सिंह
पद : अध्यक्ष
फोन/मोबाइल नं. : ९८५११३३८६१
फ्याक्स :
इमेल-ठेगाना : lokdalnepal@gmail.com

**दस्तखत नमूना :**

दस्तखत :
नाम, थर : कौशल कुमार सिंह
पद : अध्यक्ष

मिति २०७४।०२।२८
राजनीतिक दलको छाप

निर्वाचन आयोग
दर्ता नं. ३६९
मिति : २।१०

# नेपाली कांग्रेस

**केन्द्रीय कार्यालय**

**बी.पी. स्मृति भवन, ललितपुर, नेपाल**

च.नं.-५५५

जेष्ठ ०८, २०७४

श्री निर्वाचन आयोग
बहादुरभवन, कान्तिपथ, काठमाण्डौं ।

**विषय : स्थानीय तह निर्वाचनमा पार्टीका तर्फबाट खडा गरिने उम्मेदवारहरुलाई "उम्मेदवार मनोनयनको औपचारिक पत्र" मा हस्ताक्षर गर्नका लागि सप्तरी जिल्लामा तोकिनु भएका पदाधिकारी परिवर्तन गरिएको सम्वन्धमा ।**

स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेस पार्टीको तर्फबाट "उम्मेदवार मनोनयनको औपचारिक पत्र" मा हस्ताक्षर गर्नका लागि मिति २०७३ चैत्र ३०, च. नं. ५२८ को पत्र मार्फत ताहाँ आयोगलाई आवश्यक कागजात सहित जानकारी उपलब्ध गराइएको व्यहोरा अवगत नै छ ।

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिका तोकिए बमोजिमका पदाधिकारीहरुबाट तोकिए बमोजिमका जिल्लामा "उम्मेदवार मनोनयनको औपचारिक पत्र" मा हस्ताक्षर गर्नका लागि उक्त मितिको पत्र मार्फत जानकारी उपलब्ध गराइएकोमा,

सप्तरी जिल्लाका लागि जिम्मेवारी प्रदान गरिएका डा. शेखर कोइराला विविध कारणले उल्लेखित जिल्लामा पार्टीका तर्फबाट खडा गरिने उम्मेदवारका लागि आवश्यक पर्ने सयौं संख्याका उम्मेदवार मनोनयनको औपचारिक पत्रमा हस्ताक्षर गर्न असमर्थ हुनु भएकोले सप्तरी जिल्लामा डा. शेखर कोइरालाको सट्टामा केन्द्रीय पदाधिकारी श्री धनराज गुरुङ्गलाई उम्मेदवार मनोनयनको औपचारिक पत्रमा हस्ताक्षर गर्ने जिम्मेवारी प्रदान गरिएको र उहाँको दस्तखतको नमूना समेत यसैसाथ संलग्न राखी पठाइएको छ । यसर्थ, सोही अनुसार आयोगको अभिलेख अद्यावधिक गर्नु हुन र उल्लेखित जिल्लामा गर्नु पर्ने सबै काम कारवाही यसै संशोधन अनुसार गर्नु गराउनु हुन जानकारी गराईन्छ ।

**सहयोगका लागि धन्यवाद !**

शेरबहादुर देउवा
**सभापति**

**टेलिफोन : (००९७७-१) ५१८३२६३ / ५१८३२६४ /५१८३२६५, फ्याक्स : ५१८३२६६**
e-mail:ncparty@wlink.com.np/info@nepalicongress.org/Internet Access:http//www.nepalicongress.org

श्री निर्वाचन आयोग,
कान्तिपथ, काठमाडौं ।

संवत् २०७४ साल बैशाख ३१ गते हुने स्थानीय तहको निर्वाचनमा विभिन्न पदमा ......नेपाली कांग्रेस......... राजनीतिक दलको तर्फबाट खडा गरिने उम्मेदवारको मनोनयनको लागि स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १८ को उपदफा (१) बमोजिम औपचारिक पत्र प्रदान गर्न अधिकार दिइएको पदाधिकारीको विवरण एवं निजको दस्तखत नमूना देहाय बमोजिम छ ।

राजनीतिक दलको पूरा नाम र ठेगाना :-...नेपाली कांग्रेस केन्द्रीय कार्यालय, विःपी नगर, ललितपुर ।

**औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको पदाधिकारीको,-**

पूरा नाम, थर :-......धनराज गुरुङ,.........

पद :-......केन्द्रीय पदाधिकारी......

फोन/मोबाइल नं. :-......५८५१०-६६२०४......

फ्याक्स नं :-......०१-५१८३२६६......

ईमेल-ठेगाना :-..................

**दस्तखत नमूना**

(१) [signature]

(२) [signature]

दस्तखत :- [signature]

नाम, थर :- शेरबहादुर देउवा

केन्द्रीय समिति वा सो सरहका केन्द्रीय स्तरको कार्यकारिणी समितिको . सभापति/अध्यक्ष/महासचिव/मुख्य पदाधिकारी

मिति :- २०७४.०२.१८
राजनीतिक दलको छाप

नेपाली कांग्रेस
नेपाल
केन्द्रीय कार्यालय

सप्तरी जिल्ला भित्रका नगरपालिका प्रमुख र उपप्रमुख पद बाहेक नेपाली कांग्रेस पार्टीका तर्फबाट उक्त जिल्लामा स्थानीय तहका सबै पदमा खडा गरिने उम्मेदवार मनोनयनको औपचारिक पत्र प्रदान गर्ने ।

[signature]

मिति : २०७४/०२/०३

श्री निर्वाचन आयोग
कान्तिपथ काठमाण्डौ ।

**विषय : हस्ताक्षर नमूना बारे ।**

उपरोक्त सम्बन्धमा नयाँ शक्ति पार्टी, नेपाल र संघिय समाजवादी फोरम, नेपाल बीच मिति २०७४/१/१३ मा सम्पन्न सम्झौता बमोजिम राजनीतिक दलको तर्फबाट संयुक्त रुपमा स्थानीय तह, निर्वाचन ऐन २०७३ को दफा १८ को उपदफा (१) बमोजिम औपचारिक पत्र प्रदान गर्न यस अघि निर्वाचन आयोगमा पेश गरिएको नाम र हस्तक्षर सँवत २०७४ साल जेष्ठ ३१ गते हुने स्थानीय तहको दोश्रो चरणको निर्वाचनमा विभिन्न पदमा उम्मेदवार मनोनयनको लागी पनि यथावत कायम राखि दिनुहुन अनुरोध गर्दछौं ।

उपेन्द्र यादव
अध्यक्ष
सङ्घीय समाजवादी फोरम नेपाल

डा. बाबुराम भट्टराई
संयोजक
नयाँ शक्ति पार्टी, नेपाल

# समाप्त